# विद्यार्थी तथा कर्मचारी COVID-19 स्व-स्क्रिनिङ टुल

यो कागजपत्र सेन्टर फर डिजिज कन्ट्रोल (CDC) (रोग नियन्त्रण केन्द्र) का निर्देशिकाहरूमा आधारित छ र यसलाई दैनिक प्रयोगमा ल्याइनुपर्छ । **अभिभावक/संरक्षक:** तपाईंको बच्चा(हरू) स्कुल बसमा चढ्नु वा स्कुल भवनमा आउनुभन्दा पहिले यो स्क्रिनिङ टुललाई आफ्नो घरमा भएका हरेक बच्चाका लागि प्रयोग गर्नुहोस् । **कर्मचारीहरू:** आफ्नो काम गर्ने स्थानमा आउनुभन्दा पहिले यो स्क्रिनिङ टुललाई दैनिक प्रयोग गर्नुहोस् ।

यदि तपाईं वा तपाईंको बच्चाले COVID-19 का कुनै पनि लक्षणहरू अनुभव गरेमा वा तल परिभाषित गरिए अनुसार तपाई वा तपाईंको बच्चा निकट सम्पर्क हुनुहुन्छ कृपया आफू वा आफ्नो बच्चालाई घरमै राख्नुहोस् । अभिभावक/संरक्षकहरूले यदि आफ्नो विद्यार्थी नै वा विद्यार्थीको घरपरिवारमा कोही COVID-19 को परीक्षणमा पोजिटिभ आएको वा पोजिटिभ आउने अनुमान गरिएको भएमा बच्चाको प्रिन्सिपललाई सूचित गर्नुपर्छ । कर्मचारीहरूले आफूभन्दा माथिको सुपरभाइजरलाई जानकारी गराउनुपर्छ ।

## खण्ड 1: लक्षणहरू



**ज्वरो आए जस्तो महसुस गर्ने वा 100.4°F वा सोभन्दा बढी**



**घाँटी दुख्ने ।**



**नयाँ अनियन्त्रित खोकी लाग्ने, नाक टालिने वा नाकबाट पानी बगिरहने (दीर्घ एलर्जी/दम (आज्मा) भएका विद्यार्थीहरूको खोकीका**



**पखाला लाग्ने, वाकवाकी हुने वा बान्ता हुने ।**



**टाउकोमा नयाँ दुखाइ सुरु हुने**



**गन्ध वा स्वाद आउन छोडने ।**

## खण्ड 2: निकट सम्पर्क/सम्भावित संसर्ग

- COVID-19 को पुष्टि भएको मानिससँग निकट सम्पर्कमा रहनुभएको थियो (24 घण्टे समयावधिभित्र 6 फिटको दुरीभित्र कुल 15 मिनेटभन्दा बढी समय बसेको) ।
- स्थानीय, जनजातीय, क्षेत्रीय वा राज्यका स्वास्थ विभागहरूले धेरै सङ्ख्यामा COVID-19 का केसहरू रिपोर्ट गरिरहेको ठाउँमा बस्नुहुन्छ वा यात्रा गरेर आउनुभएको छ । राज्यहरूको अद्यावधिक सूचीका लागि, www.health.pa.gov/topics/disease/coronavirus/Pages/Travelers.aspx मा जानुहोस् ।